**काठमाण्डौ जिल्ला (२३ र २४ भाद्र २०६८) स्तरिय बालभेला बाट जारि गरिएको घोषण पत्र ,**

जिल्ला बालकल्याण समिति, काठमाण्डौको आयोजना तथा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको समन्वय र सहकार्यमा काठमाण्डौ जिल्लाका रहेका ६८ वटा बालक्लबका हामी १५६ जना सहभागी बालबालिका मिलेर काठमाण्डौं जिल्लामा रहेका बालबालिका हरुको समस्या माथि छलफल गरेर बाल अधिकार संरक्षण, तथा सर्म्वधन गर्नको लागि बालसहभागीतालाई प्रर्वधन गर्नुपर्छ भन्ने भावनाका साथ निम्न ११ बुँधे घोषण पत्र जारि गर्दछौं ।

१. बालबालिका सम्वन्धि नीति नियम तथा कार्यक्रमहरु निमार्ण गर्दा बालबालिकाहरुको सहभागिता सुनिश्चित गरियोस् ,

२. बालबालिकहरुको लागि छुट्याईको विभिन्न विषयगत छात्रवृतिहरु बालबीलका समक्ष पुर्‍याउनुका साथै शिक्षाका लागि बार्षिक वजेटमा वृद्धि गरियोस् ,

३. बालबालिकाहरुको लागि राज्यले स्थानिय निकाय (गा.वि.स.,न.पा.जि.वि.स.) मार्फत छुट्याउनु पर्ने रकम अनिवार्य रुपमा छुट्याउनुका साथै प्रत्यक्षरुपमा बालबालिका लाई फाईदा पुग्ने कार्यक्रममा मात्र खर्च गरियोस्,

४. हामी अध्ययन गर्ने सामुदायिक विद्यालयहरुको अवस्था त्यति राम्रा छैन तसर्थ काठमाण्डौका सामुदायिक विद्यालयहरुमा स्थानिय अभिभावकहरुको सहभागिता बढाउनको लागि विषेश कार्यक्रम संचालन गरियोस् र विद्यालयमा स्थानिय बालबालिकाको सहभागिता वृद्दि गर्न विशेष नीति तथा कार्यक्रम ल्याउनुका साथै नियमित अनुगमनको व्यवस्था गरियोस् ,

५. बालबालिका माथि विद्यालय तथा समुदायमा हुने गरेका हिंसा, दुर्व्यहार,सजाय,यौन दुर्व्यवहार, शोषण बन्द गर्नका लागि बनेका नीति नियमको कडारुपमा कार्यन्वयन गरिनुका साथै प्रमाण पुर्‍याउन कठिनहुने प्रकारका (अपशब्द, अश्लिल शब्दको प्रयोग आदि) हिंसा तथा दुर्व्यवहारहरुको विषयमा कानुन निमार्ण गरियोस्,

६. बिद्यालयलाई बालमैत्री बनाउन विद्यालयमा, मनोविमर्शकर्ता, प्रथामिक उपचार कक्ष, अपाङ्गता भएका बालबालिकाहरुको लागि उपयुक्त भौतिक संरचना, बालअधिकारको विषयमा तालिमप्राप्त शिक्षक तथा बालबालिकाहरुको उजुरी वा सुझाब लिने संरचनाको व्यवस्था गरियोस्,

७. समुदाय तथा विद्यालयमा बालसहभागिता बढाउन अनिबार्य रुपमा बालक्लबको व्यवस्था गरिनुका साथै बालबालिकाहरुको लागि बालउद्यान र बालपुस्ताकालयको व्यवस्था गरियोस् ,

८. राज्यले ल्याएको नि:शुल्क शिक्षाको नीतिलाई व्यवहारिकरुपमा कार्यन्वयन गर्नुका साथै बालबालिकाहरुलाई विद्यालय नपठाउने अभिभावकको लागि कारबाही गर्ने र आर्थिक अवस्था कमजोर भएको, आमावुवा नभएको वा विभिन्न कारणले बिद्यालय जान नसकेका बालबालिकाहरुको लागि राज्यद्वारा उचित व्यवस्था गरियोस् ,

९. बाल संवेदनशील राष्ट्रिय सामाजिक सुरक्षा नीति बनाई लागु गरियोस् ,

१०. श्रमिक बालबालिका, अपाङ्गता भएका बालबालिका, पिछडिएका क्षेत्र, जाती तथा समुदायका बालबालिकाहरुको लागि सरकारद्वारा विशेष प्रकारका कार्यक्रम ल्याईयोस ,

११. बालबालिकाहरुलाई बिभिन्न राजनैतिक दलहरुको सभा, सम्मेलन, र्‍याली जस्ता कार्यक्रममा प्रयोग नगर्नुका साथै हाम्रा विद्यालयमा राजनैतिक क्रियाकलाप संचालन नगरियोस् र विद्यालय शान्ति क्षेत्र अभियानको नारालाई व्यवहारमा कार्यन्वयन गरियोस् ।